# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, साउन ०९ गते, २०७७ साल (अतिरिक्ताङ्क ९

## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७७ सालको ऐन नं. ४**

# प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा संशोधनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) र (२) मा भएको “एक महिना” भन्ने शब्दहरुको सट्टा “पन्ध्र दिन” भन्ने शब्दहरु राखिएका छन्।

३. **खारेजी र बचाउः** (१) प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ खारेज गरिएको छ।

(२) प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणीकरण मितिः २०७७।०४।०९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-